# आर्थिक वर्ष २०८२/०८३ को
# नीति, कार्यक्रम तथा बजेट

**हंसपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय,**

**बघचौड़ा,धनुषा,**

**मधेश प्रदेश, नेपाल**

**२०८२ असोज २६ गते**

# आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम

## सभाका आदरणीय उप प्रमुख तथा सम्पूर्ण सभा सदस्यज्यूहरु तथा अतिथी महानुभावहरु

हंसपुर नगरपालिकाको १४औं नगरसभामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा नगरपालिकालाई सुझाव र सल्लाह दिनु हुने महानुभावहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी धन्यवाद व्यक्त गर्दछौं। यस अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन,मधेश आन्दोलन ,र र लोकतन्त्रको सवलीकरणको क्रममा भएका सम्पूर्ण आन्दोलनहरुमा आफ्नो शहादत प्रदान गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।
सिंहदरवारको शासन व्यवस्थालाई घर घर अर्थात "गाउँ-गाउँमा सिंहदरवार" भन्ने नारा साकार पार्नका लागि नेपालको संविधान २०७२ मा तीन तहको सरकारको अवधारणा ल्याइएको सर्वविदितै छ । जसमा ७५३ तहको संरचना भएको मध्ये नै हंसपुर नगरपालिकाको संरचना भएको देखिन्छ । यो नगरपालिका मधेश प्रदेशको आठ जिल्ला मध्ये धनुषा जिल्लाको अठार स्थानीय तह मध्ये एउटा स्थानीय तह हो । हंसपुर नगरपालिकामा जम्मा नौ वटा वडा छन्। जस मध्ये वडा नं. २,३,५,७ र ८ प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ धनुषामा रहेको छ वांकीको वडा १,४,६ र ९ प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ धनुषामा पर्दछ । यो नगर कुल क्षेत्रफल ४८.७१ वर्ग कि.मी. मा फैलिएको छ । यस नगरको घरधुरी संख्या ७६३६, परिवार संख्या ८९५८ तथा कुल जनसंख्या ४४९४९ रहेको छ, जसमा पुरुषको जनसंख्या २१८२४ र महिलाको जनसंख्या २३११५ रहेको छ।यस नगरपालिकाको निर्वाचन कार्यालयको अध्याविधक तथ्याकं अनुसार जम्मा मतदाता नामावली संख्या २४९९०(२०७९ वैशाख) रहेको छ। भौगोलिक समतलता रहेको यो नगरपालिकाको पश्चिममा जनकपुरधाम उपमहानगरपालिका, उतरमा मिथिला विहारी नगरपालिका र धनुषाधाम नगरपालिका तथा दक्षिणमा औरही गाउँपालिका,पूर्वमा सबैला नगरपालिका र शहिदनगर नगरपालिका रहेको छ ।धार्मिक र सांस्कृतिक विविधता सँगै विभिन्न जात जातिको बसोवास रहेको यस नगरपालिकामा परम्परागत भाईचारा एवं धार्मिक सहिष्णुता विधमान रहेको देखिन्छ ।

समृद्ध नगरपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त नगरपालिका वासीको समवृधिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका वचनहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द नगरपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

हंसपुर नगरपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको भूमिआयोग सँग भएको सम्झौता अनुसार वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर नगरपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ सुव्यवस्थित गर्ने/गराउने यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

<u>विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि)</u>

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः विश्वव्यापी आर्थिकमन्दी तथा जलवायु परिवर्तन लगायतका अन्यकारणहरु नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन ३ देखि ४ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन जलवायू परिवर्तनका कारण उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ स्वदेश भित्र रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी **समृद्ध नेपाल सुखी नेपालीको** मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो नगरपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन नगरपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।आर्थिक मन्दि तथा मिटर व्याजी जस्ता आर्थिक संकटका कारण वर्तमान सामाजिक र आर्थिक गतिविधि अस्तव्यस्त भई आम नागरिकको जिवनआपण कष्टकर भएको महसूस गरिएको छ ।

## विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरूः

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. नगरपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै नगरपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१०. संञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
११. विभिन्न कालखन्डमा नगरपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, संघीय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, नीति एवं दिगो विकास लक्ष्य तथा २०३० को मार्गचित्र,नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, नगरपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धिहरुः-**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धिहरुः-**

**सडक यातायातः**

यस नगरपालिकामा चालु आ व. सम्म ५.५ कि.मि पिच बाटो र ९ कि.मि. पि.सि.सि. ढलान, ८ कि.मि. ग्राभेल सडक, प्रदेश सरकारको भौतिक पूर्वाधारबाट विभिन्न हाटबजार तथा सडक नाला निर्माण १५ कि.मि. कच्ची सडक निर्माण गर्ने कार्य भएकोछ। नगरपालिकाका सवै वडामा सडकको पहुँच पुगाउने कार्य भैरहेकोछ।नगरपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरिरहेको छ ।नगरपालिकाबाट अन्य पालिकासम्मको सडक पहुँचलाइ सुदृढ बनाउने कार्य भैरहेको छ ।

**सिंचाइः**

नगरपालिकाका विभिन्न वडामा स्यालो ट्यूबवेल मार्फत सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ तर जलवायु परिवर्तनको प्रभावका कारण पानीको सतह जमिन मुनि धेरै तल गएकोले कठिनाई उत्पन्न भै रहेको अवस्थामा डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएकोछ ।साथै वर्षाका कारण नदी ताल तलैयामा पनि सूखा परेकोले सिचाईमा चुनौती झन बढेको छ । हाल वडा नं. १,५ र ८ मा डिप ट्यूबवेल जडान कार्य भई रहेको छ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

नगरपालिकामा रहेको १० शैयाको अस्पताल भवन निर्माण अन्तिम चरणमा रहेको छ तथा संघीय बजेट अनुदान हाल आ.व.२०८२/०८३ मा उपलब्ध हुने भएकोले थप कार्यको शुरुवात हुने छ । बर्थीङ्ग सेन्टरका सामाग्रीहरु खरिद भै संचालन व्यवस्थापन गर्नका लागि एम्बुलेन्स खरिद यसै बर्षमा एम्बुलेन्स आपूर्ति भै सकेको छ । बर्थीङ्ग सेन्टर समेत संचालन हुने छ । स्वास्थ्य संस्थाहरुमा गत बर्षमा सम्झौता भएको दातृ निकाले शुद्ध खाने पानि र शौचालं निर्माण एवम फोहर व्यवस्थापनको कार्य सम्पन्न गरेको छ,

साथै नगर स्तरीय जनस्वास्थ्य प्रयोगशाला प्रदेश सरकार र हंसपुर नगरपालिकाको समन्वययमा संचालन अवस्थामा रहेको छ । आयुर्वेद तर्फ हाल सम्म ६ ओटा नागरिक आरोग्य समुह गठन गरि नगरपालिकामा दर्ता समेत गराई नियमित योगाभ्यास गरि रहेका छन् साथै सो समुहलाई योग ड्रेसको व्यवस्थापन गरि मासिक स्वास्थ्य सेवा जाच मार्फत बि.पी., चिनी, तौल लिने कार्य नियमित भै रहेको छ हंसपुर बेलही चौकमा खुल्ला व्यायामशाला व्यवस्थापन काम भएको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य,रोजगार ,लगायतका कारोवार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ ।
विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि प्रत्येक टोलमा खेलकुद समूह गठन गर्ने कार्य भै खेलकुद सामाग्री वितरण भएको छ तथा वडा न ४ मा खेलकुद मैदान निर्माणको कार्य अगाडी बढाईएको छ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म नगरपालिकामा २० .किमि कृषि सडक निर्माण भएकोछ । कृषि क्षेत्रमा बिशेष कार्यक्रम ल्याउनका लागि कृषक जनगणना कार्य भै रहेको छ । कृषि सहकारीसंस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ ।नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याउने कार्य भै रहेकोछ । रोजगारी सृजना गर्न नगरपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ ।

## वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

प्रत्येक वडामा बिगत आवमा वृक्षारोपण गर्ने कार्यका लागि केहि बिरुवाहरू बितरण गर्ने कार्य भएको छ ।वातावरण र जलवायुको प्रवाहले गर्दा बर्षा नभई पानीको सतह धेरै नै तल गएकोले प्रत्येक वडामा खानेपानी पाईप बितरण तथा जडान गर्ने कार्य भई सकेको र भाई रहेको छ ।जाडोयाममा चिसोबाट बच्नका लागि दाउरा खरिद गरि चौक चौकमा वितरण गर्ने कार्य गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

नगरपालिकाले १४ वटा ऐन, २नियमावली, ६ कार्यविधि, र मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।
राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ तर अपेक्षाकृत उपलब्धि प्राप्त हुन नसकेको छ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाध्यक्ष महोदय,

**अब म आ. व. २०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्थालाई निरन्तरता दिईनेछ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. नगरपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

४. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष कार्यक्रम विभिन्न संघ संस्था सँग समन्वयय गरि सञ्चालन गरिनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न आवस्यक सरोकारवाला समक्ष पहल गरिनेछ।

७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी नगरपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

९. "उत्कृष्ट शैक्षिक गन्तव्य नगरपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१०. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण तर्फ प्रोत्साहन गरिनेछ।

११. सबै मा.वि.विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१२. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने तर्फ आवश्यक व्यवस्था मिलाईने छ।

१३. नगरपालिका क्षेत्र भित्रका  मदर्शा शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।

१४. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) पूर्ण रुपमा लागु गर्ने नीति अवलम्बन गरिनेछ।

१५. भर्ना आभियानलाई सुव्यवस्थित र प्रभावकारी बनाउनका लागि नगर स्तरीय अभिभावक समारोहको व्यवस्था गरिनेछ ।

**ख. संस्कृति सम्बन्धी  नीति तथा कार्यक्रम**

१. नगरपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

२. नगरपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी  नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण कार्य  गरिनेछ।

२. खेलकुदलाई व्यवस्थित गर्न नगर स्तरीय र  वडा स्तरमा  खेलकुद समिति गठन गरि खेलाडीको मनोवल बृधि गर्ने खालका कार्यक्रम हरु संचालन गराईने छ ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि नगरपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. "एक वडा, एक व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

७. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

८. नगरपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी दलित, जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. ऐतिहासिक कालदेखि दलित समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।
४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।
५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइने तर्फ पहल गरिनेछ।
६. नगरपालिकालाई सडक मानव मुक्त बनाउन मानव सेवा आश्रमको सहयोग लिई कार्य गर्ने छ।
७. "हिंसा मुक्त नगरपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
८. नगरपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
९. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
१०. नगरपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
११. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
१२. नगरपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८१/८२ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।
१३. दलित समुदायमा चेतना र शिक्षा प्रदायक तथा शिपमूलक सेवाहरु प्रदान गर्ने नीति लिएको छ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी नगरपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न स्वाथ्य चौकी , आधारभूत स्वास्थ्य केन्द्रलाई व्यवस्थित गरि रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।
२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको बिशेष कार्यक्रम संचालन गरिने छ।
३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
४. बर्थिङ्ग सेन्टरका लागि खरिद गरिएका सामाग्रीहरुको सदुपयोग गर्दै सेवा सुरुवात गर्ने सबै प्रक्रिया पुरा गरिनेछ ।

५. आर्थिक रुपमा अति विपन्न  नगरपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिएको छ।
६. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
७. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
८. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
९.  स्वाथ्य सेवा प्रभावकारी बनाउन बिमा गराउन आम समुदायलाई उत्प्रेरित गरिने कार्यक्रम संचालन गरिने छ ।साथै जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिने छ ।

**च. बहुक्षेत्रीय पोषण सम्बन्धी नीतिहरुः**

१. स्थानीय तहको नीती, योजना र बजेटमा पोषणलाई प्राथमिकता दिनु ।
२. बर्षिक योजना निर्माण गर्दा पोषण सुधार सम्बन्धी कार्यक्रमलाई समावेश् गर्ने ।
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था तथा नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष्य, उदेश्य कार्यन्वयन गर्दै मानव जीवनचत्रमा पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता, गुणस्तर सुधार तथा समतामूलक पहँुच र उपभोगको सुनिश्चितता गर्न लक्षित कार्यक्रम कार्यन्वयन गरी पोषणमैत्री स्थानीय शासनको प्रवद्धन गरिनेछ ।
४. नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोे कार्यान्वयनको लागि लक्षित वर्ग पहिचान गरी पोषण विशष  तथा पोषण संवेदनशील कार्यक्रम कार्यान्वयन गरिनेछ ।
५. स्थानीय तहको   पोषण  प्रोफाइल अनुसार पोषण नीति  तर्जुमा गर्न ।
६. आवधिक तथा वार्षिक योजनामा पोषणका क्रियाकलाप समावेश  गर्न   छलफल तथा  पैरवी गर्ने ।
७. पोषणमैत्री आचारण र व्यवहार प्रवर्धन   गरिनेछ ।
८. पोषणमैत्री स्थानीय तहको लागि तोकिएको सूचकहरु प्राप्तिको दिगोपनाको लागि कार्ययोजना तर्जुमा  गरिनेछ ।
९. बहुक्षेत्रगत प्रयासलाई निरन्तरता दिइनेछ ।
१०.स्थानीय तहबाट विद्यात्य तहको स्थानीय  पाठयक्रममा पोषण विषय समावेश गरिनेछ ।
११.निर्देशक समितिका सदस्य, सभा तथा कार्यपालिका सदस्य एवम सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका कार्यान्वयन निर्देशिका  आधारित भई क्षमता विकास  गरिनेछ ।
१२.पोषणमैत्री स्थानीय तह घोषणाका लागि कार्यान्वयन निर्देशिका अनुसार क्रियाकलाप सञ्चालन गर्न सभा, कार्यपालिका तथा अन्य सरोकारवालाबाट प्रतिबद्धता गरिनेछ ।

१३. नेपाल सरकारको बहुक्षेत्रिय पोषण योजना तेस्रोले निर्धारण गरेका सुचक प्राप्तिमा सहयोग हुने गरी स्थानीय तहमा बहुक्षेत्रिय पोषण कार्यक्रम मार्पmत पोषणका अवस्था कमजोर रहेका बस्ती लक्षित पोषण सधारका कार्यक्रमहरु संचालन गरीने छ ।

## आयुर्वेद तर्फ

(क) सोनिगामा आयुर्वेद औषधालयमा शारीरिक व्यायाम, योगाभ्यास, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्धन गर्न भौतिक पूर्वाधार निर्माण गरिने छ ।

(ख) १५ दिनमा निःशुल्क रुपमा दिदै आएको आयुर्वेद विशेषज्ञ सेवालाई पत्येक ७ दिनमा दिने कार्यक्रम ल्याई अझ व्यवस्थित गरि निरन्तरता दिइने छ ।

(ग) स्वस्थ समाज,समृद्ध नगरपालिका निर्माण गर्न **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** को नारालाई साकार गर्न टोल टोलमा नागरिक आरोग्य कार्यक्रम मार्फत नियमित योगाभ्यास,सरफाई, वृक्षारोपण,जनचेतनामूलक क्रियाकलाप संचालन गर्न गठन गरिएको समूहलाई व्यवस्थित गरि थप नागरिक आरोग्य समूह गठन गरिदै लगीनेछ । साथै नागरिक आरोग्य सेवा केन्द्रलाई व्यवस्थित गरी सेवा प्रवाह र **नगर प्रमुख जेष्ठनागरिक घरदैलो आयुर्वेद स्वास्थ्य सेवा कार्यक्रम** संचालन गरिने छ ।

(घ) जीवनशैली परिर्वतन गर्न स्वस्थ्य जीवनका लागि आहार,विहार र विचार परिर्वतन गरी **एक घर पाँच योग र पाँच जडीबूटी** अभियानलाई निरन्तर्ता दिइने छ ।

(ङ) मधेश प्रदेश सरकारबाट स्थापनाहुने प्रादेशिक जडिबुटी प्रशोधन तथा उत्पादन केन्द्रका लागि जग्गा उपलब्ध गराई भौतिक पूर्वाधार लगायतका अन्य कार्यमा समन्वय सहकार्य गरि जडिबुटी खेति सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा नगरपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि नगरपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न नगरपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि नगरपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।
२. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ।नगरपालिका जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथ स्थानीय सरकार र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सघन बजारक्षेत्र **व्यवस्थित** गरिनेछ।
३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
४. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।
५. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।
६. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न नगरपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
७. नगरपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।
८. नगरपालिका र वाहिर अन्य नगरपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा साविकका प्याकेजमा सुधार सहित नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ।
९. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
१०. अन्तर नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
२. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ।
३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
४. नगरपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
५. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार लागि पहल गरिनेछ ।
६. तरकारी उत्पादनको लागि ब्यावसायिक खेतीमा जोड दिइनेछ ।

७. डेरी व्यवसायलाई प्रत्साहन गरी पशुपालनको क्षेत्रमा वृद्धि गरी किसानहरुको आयस्तर बढाउने तर्फ अग्रसर गरिने छ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा नगरपालिकाले प्रोत्साहव गरिनेछ ।

३. नगरपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

**३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र नगरपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, नगरपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै नगरपालिकालाई सूचनामैत्रि बनाइनेछ।

**४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. स्थानीय जातीय छुवाछूत अनुगमन समिति गठन गरिनेछ ।

**५. सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,**

१. नगरपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. नगरपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. नगरपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

६. नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र **नगरपालिका कार्यालयमा सुझावपेटिका राखिएको छ ।**

७. नगरपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

८. नगरपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन **"हाम्रो नगरपालिका"** नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र नगरपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई लियाईनेछ ।

९. नगरपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, र सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१०. नगरपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

११. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१२. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१३. वडा स्तरीय दलित चेतना अभियानको कार्यक्रम राखीनेछ ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको ब्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी नगरपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।
५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।
६. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ।
७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।
८. नगरपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा विगतमा निर्माण भएका संचालनमा ल्याउनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।
९. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउने कार्य जारी गरिनेछ ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न नगरपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने ।
२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।
४. पोखरी संरक्षण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।
५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

**७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२. नगरपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि नगरपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
४. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
५. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
६. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।
७. नगरपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।
८. नगरपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
९. नगरपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।
१०. विभिन्न कालखन्डमा नगरपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्याविधक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।
११. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।
४. नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
५. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

उपस्थित सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु

आ.व.२०८१/०८२ मा यस नगरपालिकाको चालु तर्फ  ३७ करोड १८ लाख ५३ हजार र पुजीगत तर्फ  २५ करोड ७० लाख ५९ हजार गरि कूल बजेट जम्मा रकम  ६२ करोड ८९ लाख  १३ हजार रहेकोमा खर्च रु.४७ करोड ८४ लाख ५७ हजार र बाँकी रु. २ करोड ५६ लाख ७९ हजार बैंक मौज्दात रहेको थियो जुन चालु आ.व.सरेर आएको छ।

हंसपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धनुषा
कार्यालयको कोड : ८०२१७४१०३००

Sectors wise Budget vs Expenditure

रु. हजारमा

आ.व. : २०८१/८२  अवधी : २०८१/०४/०१-२०८२/०३/३२

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | कृषि | ६०,४४,०००.०० | ३५,०६,६५२.७३ | ५८.०२ | २५,३७,३४७.२७ |
| २ | पर्यटन | २,४०,०००.०० | २,३५,४३१.०० | ९८.१ | ४,५६९.०० |
| ३ | पशुपन्छी विकास | १,८०,०००.०० | ०.०० | ० | १,८०,०००.०० |
| ४ | भूमि व्यवस्था | २,००,०००.०० | १,९७,०००.०० | ९८.५ | ३,०००.०० |
| १ | शिक्षा | १७,३९,८२,०००.०० | १३,३६,९४,६२१.५२ | ७६.८४ | ४,०२,८७,३७८.४८ |
| २ | स्वास्थ्य | ५,३५,८६,०००.०० | ५,०३,४४,८०९.६० | ९३.९५ | ३२,४१,१९०.४० |
| ३ | खानेपानी तथा सरसफाई | १,२७,२४,०००.०० | १,०२,४४,०५७.९२ | ८०.५१ | २४,७९,९४२.०८ |
| ४ | भाषा तथा संस्कृति | ११,९०,०००.०० | ११,४१,५०५.०० | ९५.९२ | ४८,४९५.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,२४,९५,०००.०० | १,१९,८८,४०४.०० | ९५.९५ | ५,०६,५९६.०० |
| ६ | युवा तथा खेलकुद | ४१,९५,०००.०० | ४०,६५,८६८.०० | ९६.९२ | १,२९,१३२.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ४०,३५,०००.०० | २३,१२,३९२.०० | ५७.३१ | १७,२२,६०८.०० |
| १ | यातयात पूर्वाधार | १२,०८,०४,५४४.०० | ७,५६,३८,४३०.०३ | ६२.६१ | ४,५१,६६,११३.९७ |
| २ | भवन, आवास तथा सहरी विकास | ९,७७,१९,९९९.०० | ५,८६,७६,८६७.४१ | ६०.०५ | ३,९०,४३,१३१.५९ |
| ३ | उर्जा | १,३१,३२,०००.०० | ९८,३०,६६९.०० | ७४.८६ | ३३,०१,३३१.०० |
| ४ | संचार तथा सूचना प्रबिधि | ९०,०००.०० | ८३,६२०.०० | ९२.९१ | ६,३८०.०० |
| ५ | सम्पदा पूर्वाधार | १,४५,७४,९३६.०० | ९०,४६,२३३.६३ | ६२.०७ | ५५,२८,७०२.३७ |
| ६ | बिज्ञान तथा प्रबिधि | १५,००,०००.०० | १०,४१,०००.०० | ६९.४ | ४,५९,०००.०० |
| १ | श्रम तथा रोजगारी | ६७,९१,०००.०० | ३८,४३,४००.०० | ५६.६ | २९,४७,६००.०० |
| २ | प्रशासकीय सुशासन | ६,००,०००.०० | ४,९७,९९१.०० | ८३ | १,०२,००९.०० |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,४८,२९,५२१.०० | १०,२०,६८,६४८.१२ | ९७.३७ | २७,६०,८७२.८८ |
| कुल जम्मा | | ६२,८९,१३,०००.०० | ४७,८४,५७,६००.९६ | ७६.०७ | १५,०४,५५,३९९.०४ |

सभा अध्यक्ष महोदय,

अब म,यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

अगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ५७ करोड ८७ लाख २ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु खर्च तर्फ रु. ३८ करोड ३५ लाख ७७ हजार , पूँजीगत तर्फ रु. १९ करोड ५१ लाख २५ हजार रहेको छ ।

अगामी आ.व. २०८२।०८३ को लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त वित्तिय समानुकरण अनुदान रु. ११ करोड ४३ लाख ,सर्शत अनुदान रु. २४ करोड ४२ लाख, नेपाल सरकारबाट संघीय संपूरक १ करोड़ ५ लाख, राजश्व बाँडफाँड रु. १० करोड ३८ लाख, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण रु. ७९ लाख ३९ हजार, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रु. ९५ लाख, प्रदेश सरकारबाट विशेष अनुदान रु. ३० लाख ,प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रु. ३० लाख ,प्रदेश सरकार राजस्व बाँडफाँड रकम रु १ करोड २८ लाख, आन्तरिक आय रु. ६ करोड़, र गत आवको अल्या रकम २ करोड ५६ लाख गरी जम्मा ५७ करोड़ ८७ लाख २ हजार आयको अनुमान पेश गरेको छु ।

हंसपुर नगरपालिकाको कुल आय मध्ये नगकार्यपालिकाको प्रशासनिक र कार्यक्रम खर्च,विद्यालय र स्वास्थ्य संस्थाको प्रशासनिक र कार्यक्रम खर्च,अन्य निकायबाट चालु प्रकृतिको वजेट गरी कुल चालु खर्च तर्फ रु. ३८ करोड ३५ लाख ७७ हजार र कुल अनुमानित आयबाट कुल चालु खर्च विनियोजन पश्चात बाँकी रहेको रकमबाट भौतिक पूर्वाधारको लागि हंसपुर नगरपालिकाको ९ वडामा पूर्वाधार विकास लगायत अन्य कार्यमा रु. ९ करोड विनियोजन गरेको छ ।

वडा तहबाट प्राप्त भएका नगरस्तरीय योजना,नगरको पुजीगत अनुमान सशर्त पुजीगत क्रमागत योजना गत वर्षको भूक्तानी तथा अन्य पुजीगत खर्च समेत गरी रु. १९ करोड ५० लाख २५ हजार गरी कुल रु. ५७ करोड ८७ लाख २ हजारको व्यय अनुमान प्रस्तुत गरेको छु ।

सभा अध्यक्ष ज्यू,

प्रस्तुत् बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्ने राजनितिक दलका पदाधिकारीहरु ज्यू,निजि क्षेत्र तथा विकास साझेदार संस्थाका महानुभावहरु,वडा अध्यक्ष ज्यूहरु,नगरकार्यपालिका सदस्य ज्यूहरु,नगर सभाका सदस्य ज्यूहरु,राष्ट्र सेवक कर्मचारीहरु बुद्धिजिविहरु,सुरक्षाकर्मीहरु, पत्रकारहरु, आदरणीय नगरवासीहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद